अनुसूची-११

(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

नेपाल सरकार

## परराष्ट्र मन्त्रालय

सिंहदरबार, काठमाडौं

# सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी बोलपत्र फाराम

आ.व.: २०७९/८०

सूचना नं.:- ०१(लिलामी)/२०७९/०८०

नेपाल सरकार

**परराष्ट्र मन्त्रालय**

सिंहदरबार, काठमाडौं

सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्रीको लागि बोलपत्र आव्हानको सूचना

सूचना नं.:- ०१(लिलामी)/२०७९/०८०

दोश्रो पटक प्रकाशित मितिः..........

यस परराष्ट्र मन्त्रालयमा मौज्दामा रहेका लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरको अधीनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. इच्छुक बोलपत्रदाताहरुले यस मन्त्रालयको जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन्।

२. इच्छुक बोलपत्रदाताले २०७९/...../..... गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रु १,०००/- (अक्षेरुपी एक हजार रुपैया रकम) **राष्ट्रिय वाणिज्य बैंक** स्थित यस मन्त्रालयको **राजश्व खाता नं १०००१००२०००१०००० कार्यालय कोड नं ३२६००३५०१ राजश्व शीर्षक नं १४२२९** मा बुझाई सक्कल राजश्व दाखिला भौचरसहित बोलपत्रदाताको फर्मदर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ।

३. बोलपत्र दोश्रो पटक प्रकाशित भएको मितिले ८औं दिनको १२ बजे भित्र यस मन्त्रालयमा दर्ता गरी सक्नुपर्नेछ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरु ८औं दिनको २ बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र जिन्सी शाखामा सम्पर्क राख्नु पर्नेछ।

६. बोलपत्रदाताले बोलपत्र साथ जमानत वापत आफूले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालय बबरमहल काठमाडौंको नाममा **नेपाल राष्ट्र बैंक थापाथली शाखामा** रहेको **धरौटी खाता नं १२०१२००/००१/००२/५२४** मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा नब्बे दिन म्याद भएको बैंक जमानत (विड वण्ड) पेश गर्नु पर्नेछ।

७. बोलपत्रदाताले बोलपत्र भर्दा तोकिएको फाराम बमोजिम भर्नु पर्नेछ। बोलपत्र स्वीकृत गर्दा सबैभन्दा अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिनेछ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ।

(बोलपत्रदाताले बोलपत्र फाराम पेश गर्दा भर्नुपर्ने निवेदन)

श्रीमान् कार्यालय प्रमख,
परराष्ट्र मन्त्रालय।

विषयः बोलपत्र पेश गरेको सम्बन्धमा।

त्यस कार्यालयको सूचना नं.:- ०१(लिलामी)/२०७९/०८०, मिति.......... मा प्रकाशित सूचना अनुसार लिलाम बिक्रीको लागि राखिएको सम्पत्ति तथा जिन्सी मालसामान तपसिल बमोजिम सकार गर्न मन्जुर भएकोले यो बोलपत्र फाराम भरी पेश गरेको छु।

<u>तपसिलः</u>

कबोल अङ्क

१. एकमुष्ट कबोल रकम रु....................................... (अक्षेरुपी.................................. ..........................................................................................................)

बोलपत्र पेश गर्ने फर्म/व्यक्तिको नामः
ठेगानाः
मितिः
हस्ताक्षरः

बोलपत्र फर्म/व्यक्तिले भर्नुपर्ने विवरणहरु

१. बोलपत्रदाता फर्म वा व्यक्तिको नामः ..............................

२. प्रोपाइटर वा मुख्य कारोबार गर्ने व्यक्तिः ..........................

३. बोलपत्र साथ संलग्न कागजातः

क. ................फर्म नवीकरण भएको इजाजत

ख. नागरिकताको प्रमाणपत्र

४. जमानत वापतको............... बैंकमा जम्मा गरेको रकम रु............................

अक्षरुपी..................................

५. बोलपत्र पेश गरेको मितिः .....................

६. फर्म र व्यक्तिको तर्फबाट बोलपत्र प्रयोजनका लागि कुनै प्रतिनिधि नियुक्ती गरेको भए त्यसको विवरण र संलग्न कागजातः ...........................



## बोलपत्र सम्बन्धी शर्तहरु

१. बोलपत्र सम्बन्धी कागजातः लिलाम बिक्री सम्झौताको लागि यो बोलपत्र फाराममा समाबेश भएको सम्पूर्ण विषय लागू हुनेछ। बोलपत्रदाताले कार्यालयबाट खरिद गरेको बोलपत्र फाराममा दस्तखत र फर्म वा संस्था भए छाप समेत लगाई पेश गर्नुपर्नेछ।

२. बोलपत्रको भाषाः लिलाम बिक्रीको लागि कार्यालय तथा बोलपत्रदाताले प्रयोग गर्ने कागजात तथा पत्राचार नेपाली भाषामा हुनेछ।

३. कूनै बोलपत्रदाता फर्म वा संस्थाले संयुक्त उपक्रममा बोलपत्र पेश गर्न चाहेमा संयुक्त उपक्रम सम्झौता गरी पेश गर्न सक्नेछ। यसरी सम्झौता गरेपश्चात बोलपत्र फाराममा दस्तखत गर्ने लगायतको लागि आधिकारिक व्यक्ति नियुक्त गरी निजको दस्तखत नमूना बोलपत्र फाराममा सामवेश गर्नुपर्नेछ।

४. लिलाम बिक्री सम्बन्धी कारबाही आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ मा भएको व्यवस्था बमोजिम हुनेछ।

५. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको १०% (दश प्रतिशत) ले हुने रकम **कोष तथा लेखा नियन्त्रक कार्यालय बबरमहल काठमाडौंको नाममा नेपाल राष्ट्र बैंक थापाथली शाखामा** रहेको **धरौटी खाता नं १२०१२००/००१/००२/५२४** मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।

६. बोलपत्रादाताले स्पष्ट रुपमा प्रोपराटर, कारोबार गर्ने मुख्य व्यक्ति, कारोबार गर्ने मुख्य स्थल वा पसल, फोन नम्बर आदि सबै कुराको जानकारी उपलब्ध गराउनु पर्नेछ।

७. बोलपत्रदाताले बोलपत्र फाराम भर्दा राम्ररी अध्ययन गरी सच्याएको ठाउँमा र प्रत्येक पानामा आफूले हस्ताक्षर गरी आफ्नो फर्मको छाप समेत लगाउनु पर्नेछ।

८. कार्यालयले लिलाम बिक्रीको लागि छनौट भएको व्यक्ति वा फर्मको सूचना प्रकाशन गरेपछि सो प्रक्रियामा चित्त नबुझेका बोलपत्रदाताले सात दिनभित्र कार्यालय प्रमुखसमक्ष निवेदन पेश गर्नु पर्नेछ।

९. लिलाम बिक्रीको लागि पेश भएको बोलपत्र स्वीकार गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहेको छ।

१०. लिलाम बिक्री सम्झौता सम्बन्धी विवाद देखिएमा कार्यालय र बोलपत्रदाताबीच वार्ताद्वारा समाधान गरिनेछ।

११. बोलपत्र फाराममा सम्पत्ति तथा मालसामान लिलाम बिक्री गर्ने गरी सूचीकृत गरिएकोमा उक्त सूचीमा रहेका सम्पत्ति तथा जिन्सी मालसामानको प्रति एकाई मूल्य तोकी ("लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी सामानहरुको कबोल अङ्क" को लागि निर्धारित फाराममा) कबोल गर्नु पर्नेछ। कुनै सामानको एकाई मूल्य नतोकिए पनि कुल कबोल रकम अनुसार सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाता छनौट गरिनेछ।

१२. लिलाम गरिने मालसामानको न्यूनतम मूल्य रु. ६,८०,३१६।४४ (अक्षेरुपि छ लाख अस्सी हजार तीन सय सोह्र रुपैया चौवालीस पैसा मात्र) मु.अ.कर बाहेक कायम गरिएको छ। बोलपत्रदाताले यसै रकमलाई न्यूनतम रकम मानी बोलकबोल गर्नुपर्नेछ। यस बोलपत्रमा मु.अ.कर भुक्तान गर्नुपर्ने छैन।

१३. बोलपत्र फाराममा उल्लेख भए अनुरुपका लिलाम बिक्री गरिने सम्पत्ति तथा जिन्सी मालसामान बोलपत्र पेश गर्नु अगावै हेरी बोलपत्र फाराम पेश गर्नु पर्नेछ।

१४. पेश भएको बोलपत्रको मान्य अवधि साठी दिनको हुनेछ। पेश हुन आएका बोलपत्र मूल्याङ्कन उक्त अवधि भित्र गरी सम्झौताको लागि छनौट गरिनेछ।

१५. बोलपत्र फाराममा सम्पत्ति तथा जिन्सी मालसामानको कबोल रकम स्पष्ट अङ्क र अक्षरमा लेख्नु पर्नेछ। अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।

१६. लिलाम बिक्रीको सम्झौता बमोजिमको रकम एकमुष्ठ कार्यालयमा नगद वा कार्यालयले तोकेको बैङ्कमा जम्मा गरी सोको भौचर पेश गर्नु पर्नेछ।

१७. बोलपत्रदाताले सम्झौतामा उल्लेखित अवधिभित्र लिलाम बिक्री गर्न तोकिएका सम्पूर्ण सम्पत्ति तथा जिन्सी मालसामान उठाई लैजानु पर्नेछ।

१८. लिलाम बिक्रीबाट सकार गरेको सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानुपर्नेछ।

१९. सवारी साधनहरु पुराना भएकाले नामसारी हुने छैन। लिलाम बिक्रीबाट सकार गरेका सवारी साधनहरु अनिवार्य रुपमा स्क्रयाप गर्नुपर्नेछ। त्यसरी स्क्रयाप गर्दा मन्त्रालयको प्रतिनिधि बोलाई निजको रोहवरमा १५ दिन भित्र स्क्रयाप गरी सोको फोटो प्रमाण पेश गर्नुपर्नेछ। तत्पश्चात मात्र धरौटी रकम फिर्ता गरिनेछ।

२०. लिलाम गरिएको सम्पत्ति तथा मालसामान ढुवानी गरी एक ठाँउबाट अर्को ठाँउमा लैजादा लाग्ने सम्पूर्ण खर्च (कर समेत) बोलपत्रदाता आफैंले व्यहोर्नु पर्नेछ।

२१. सम्झौता अवधिभित्र सम्पत्ति तथा मालसामान बोलपत्रदाताले उठाई लान काबु बाहिरको परिस्थिति परेमा सम्झौता अवधि सकिनु अगावै म्याद थपको लागि कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ।

२२. सम्झौता अवधि भित्र सम्पत्ति तथा मालसामान उठाई नलगेमा वा सम्झौताको शर्त बोलपत्रदाताले उल्लंघन गरेका कार्यालयले बोलपत्रदाताको धरौटी रकम जफत गरी सम्झौता अन्त्य गरिनेछ।

२३. बोलपत्रदाताले सशर्त बोलपत्र पेश गर्न सक्ने छैन।

२४. बोलपत्र सम्बन्धी शर्तहरु सम्झौताको अङ्ग हुनेछ।

## लिलाम बिक्री हुने सम्पति तथा जिन्सी मालसामानको कबोल अङ्क

| सि. नं. | सम्पति तथा मालसामानको नाम | परिमाण | सम्पत्ति भएको स्थान | मन्त्रालयको स्वीकृत न्यूनतम मूल्य | प्रति एकाई कबोल रकम | जम्मा रकम (अङ्कमा) | जम्मा रकम (अक्षरमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | फाइल क्याविनेट | ५ | परराष्ट्र मन्त्रालय | अङ्कमा: ६,८०,३१६।४४<br>अक्षरमा: छ लाख अस्सी हजार तीन सय सोह्र रुपैया चौवालीस पैसा मात्र | | | | |
| २ | स्टील र्याक | ९ | परराष्ट्र मन्त्रालय | | | | | |
| ३ | स्टील दराज | ५ | परराष्ट्र मन्त्रालय | | | | | |
| ४ | स्टील दराज ग्लास डोर | २ | परराष्ट्र मन्त्रालय | | | | | |
| ५ | कोट ह्याङ्गर | ५ | परराष्ट्र मन्त्रालय | | | | | |
| ६ | मेच विभिन्न किसिमको | २० | परराष्ट्र मन्त्रालय | | | | | |
| ७ | रिभल्विङ्ग हाई र्याक चियर | ४ | परराष्ट्र मन्त्रालय | | | | | |
| ८ | टेबुल विभिन्न किसिमको | ६ | परराष्ट्र मन्त्रालय | | | | | |
| ९ | काठको कुर्ची साधारण | १० | परराष्ट्र मन्त्रालय | | | | | |
| १० | सोफा | २० | परराष्ट्र मन्त्रालय | | | | | |
| ११ | वाटर डिस्पेन्सर | ५ | परराष्ट्र मन्त्रालय | | | | | |
| १२ | प्रिन्टर | १० | परराष्ट्र मन्त्रालय | | | | | |
| १३ | सक्यानर | २ | परराष्ट्र मन्त्रालय | | | | | |
| १४ | फोटोकपी मेसिन | ४ | परराष्ट्र मन्त्रालय | | | | | |
| १५ | पंखा विभिन्न किसिमको | १० | परराष्ट्र मन्त्रालय | | | | | |
| १६ | हिटर | १० | परराष्ट्र मन्त्रालय | | | | | |
| १७ | टेलिफोन सेट | ३० | परराष्ट्र मन्त्रालय | | | | | |
| १८ | टिनको बाकस | २ | परराष्ट्र मन्त्रालय | | | | | |
| १९ | स्पाइरल वाइन्डीङ्ग मेसिन | २ | परराष्ट्र मन्त्रालय | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २० | DESKTOP PC LCD MONITOR | १० | परराष्ट्र मन्त्रालय | | | | | |
| २१ | CPU COMPUTER | १० | परराष्ट्र मन्त्रालय | | | | | |
| २२ | DESKTOP COMPUTER | ५ | परराष्ट्र मन्त्रालय | | | | | |
| २३ | टि.भी | ४ | परराष्ट्र मन्त्रालय | | | | | |
| २४ | Nissan 1999 Model कार | १ | परराष्ट्र मन्त्रालय | | | | | |
| २५ | Kia Motors 2004 Model भ्यान | १ | परराष्ट्र मन्त्रालय | | | | | |
| **मन्त्रालयको स्वीकृत कुल रकम (अङ्कमा)** | | | | ६,८०,३१६।४४ | **कुल कबोल रकम** (अङ्कमा) | | | |
| **मन्त्रालयको स्वीकृत कुल रकम (अक्षरमा)** | | | | **छ लाख अस्सी हजार तीन सय सोह रुपैया चौवालीस पैसा मात्र** | **कुल कबोल रकम** (अक्षरमा) | | | |

बोलपत्रदाता

बोलपत्र पेश गर्ने व्यक्ति वा फर्मको नामः

फर्मको छापः

मितिः

वि.सं. २०७९/..../.... गतेका दिन..... परराष्ट्र मन्त्रालय (यसपछि "कार्यालय" भनिएको) र .......... (यसपछि "बोलपत्रदाता" भनिएको) बीच लिलाम बिक्री गर्न निर्णय भएका सम्पत्ति तथा जिन्सी मालसामान (फर्निचर, अफिस सामान, सवारी साधन) जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजाने सम्बन्धमा भएको बोलपत्र मिति २०७९/..../..... को निर्णयानुसार स्वीकृत भएकोले यो सम्झौता गरिएको छ।

१. सम्झौता अवधि......दिनको हुनेछ।
२. लिलाम बिक्री सम्झौता रकम........ रहेको छ।
३. सम्झौता अवधिभित्र लिलाम कबोल गरेको सम्पूर्ण रकम नगद वा बैङ्कमा दाखिला गरी भौचर प्राप्त भए पश्चात सम्पत्ति तथा मालसामान बुझाइनेछ।
४. बोलपत्रदाताले सम्पत्ति तथा मालसामान जे जस्तो अवस्थामा छ सोह अवस्थामा उठाई लैजानु पर्नेछ। सम्पत्ति तथा मालसामान उठाई लैजाने सम्बन्धमा लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफैले व्यहोर्नु पर्नेछ।
५. लिलाम सकार गरेको सम्पत्ति तथा मालसामानमा ढुवानी गर्दा लाग्ने सम्पूर्ण करहरु बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ। कुनै पनि कर बापत तिरेको रकमको सोधभर्ना यस कार्यालयबाट दिइने छैन।
६. लिलाम सकार गरेको सम्पूर्ण सम्पत्ति तथा जिन्सी मालसामान बोलपत्रदाताले उठाउन चाहेको समय (कार्यालय समयभित्र) मा कार्यालयले उपलब्ध गराउनु पर्नेछ।
७. सम्झौता अवधिभित्र लिलाम कबोल गरेको रकम बुझाई सम्पत्ति तथा मालसामान उठाई नलगेमा वा सम्झौताको शर्त उल्लंघन गरेमा धरौटी बापत राखेको रकम जफत गरी सम्झौता अन्त्य गरिनेछ।
८. बोलपत्र फाराममा उल्लेखित बोलपत्रका शर्तहरु यस सम्झौताको अभिन्न अङ्ग रहनेछ।
९. यसमा उल्लेख भएका बाहेक अन्य कुराको हकमा नेपाल सरकारको प्रचलित कानूनबमोजिम हुनेछ।

...........................
ठेकेदारको तर्फबाट
नामः
पदः
दस्तखतः
मितिः

<u>साक्षीरोहबरः-</u>
१.
२.
३.

...........................
कार्यालयको तर्फबाट
नामः
पदः
दस्तखतः
मितिः